# Laxmi Laghubitta Bittiya Sanstha Ltd.
# लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.

**केन्द्रीय कार्यालयः**
कपन मार्ग, महाराजगंज, काठमाडौं ।
फोन नं.: ०१-४३७३६८२, ०१-४३७३६०४
इमेलः info@laxmilaghu.com.np
वेबसाइटः www.laxmilaghu.com.np

## अपरिष्कृत संक्षिप्त वित्तीय अवस्थाको विवरण
### २०७९ पौष मसान्त सम्मको

(रकम ने.रु मा)

| विवरण | यस त्रयमास सम्मको (पौष मसान्त,२०७९) | गत आ.व.को अन्त्य सम्मको (असार मसान्त,२०७९) |
|---|---|---|
| **सम्पत्ति** | | |
| नगद वा नगद समान | १२२,५५७,८७० | ८८,२०८,९१२ |
| वैधानिक मौज्दात तथा नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३४,९८३,००० | ३४,९८३,००० |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | - | - |
| डेरिभेटिभ वित्तीय उपकरणहरु | - | - |
| अन्य व्यापारीक सम्पत्तिहरु | - | - |
| लघुवित्त वित्तीय संस्था तथा सहकारीलाई दिएको कर्जा/सापटी | - | - |
| ग्राहकलाई प्रदान गरिएको कर्जा/सापटी | ६,८८३,४९७,६९५ | ७,७०६,४५८,७५७ |
| धितोपत्रमा लगानी | २,९८५,१०२ | २,९८५,१०२ |
| यस वर्षको आयकर सम्पत्ति | २२,०६६,८११ | २२,०६६,८११ |
| लगानी सम्पत्तिहरु | - | - |
| सम्पत्ति तथा उपकरण | ५७,६४०,२८३ | ५५,३५६,९०० |
| ख्याती तथा अमूर्त सम्पत्ति | ९,१५१,८४३ | १०,७७९,८९७ |
| स्थगन कर सम्पत्ति | २,१४५,४२२ | ५,९७६,८८८ |
| अन्य सम्पत्ति | ८७,९४२,००८ | ३७,३७९,२२१ |
| **कुल सम्पत्ति** | ७,२२२,९७०,०३५ | ७,९६४,१९५,४८८ |
| **दायित्व** | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | - | - |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | - | - |
| डेरिभेटिभ वित्तीय उपकरणहरु | - | - |
| ग्राहकहरुबाट निक्षेप दायित्व | २,५०९,१५६,३५२ | २,५५१,५०६,१०७ |
| सापटी | ३,७८७,५४३,१२५ | ४,४५५,५४०,४५४ |
| यस वर्षको आयकर दायित्व | - | - |
| व्यवस्थाहरु | - | - |
| स्थगन कर दायित्व | - | - |
| अन्य दायित्वहरु | १३८,१३१,९१२ | १३२,५५२,१८७ |
| जारी गरिएका ऋणपत्रहरु | - | - |
| अधिनस्थ दायित्वहरु | - | - |
| **कुल दायित्व** | ६,४३४,८३१,३८९ | ७,१३९,५९८,७४८ |
| **इक्विटी** | | |
| शेयर पूँजी | ३८४,०५४,००० | ३८४,०५४,००० |
| शेयर प्रिमियम | - | - |
| सञ्चित मुनाफा | १९१,९६५,९३८ | २३३,१७३,०४२ |
| जगेडा तथा कोषहरु | २१२,११८,७०९ | २०७,३६९,६९८ |
| कुल इक्विटी | ७८८,१३८,६४६ | ८२४,५९६,७४० |
| कुल दायित्व र इक्विटी | ७,२२२,९७०,०३५ | ७,९६४,१९५,४८८ |

## अपरिष्कृत संक्षिप्त नाफा वा नोक्सान विवरण
### २०७९ श्रावण १ गतेदेखि २०७९ पौष मसान्तसम्म

रकम ने.रु.मा

| विवरण | चालु आ.व.२०७९/८० | | गत आ.व.२०७८/७९ यसै अवधिको | |
|---|---|---|---|---|
| | यस त्रयमास | यस त्रयमास सम्म | यस त्रयमास | यस त्रयमास सम्म |
| ब्याज आम्दानी | २७०,६०२,५२५ | ५५१,०७६,७१९ | २६०,४८६,४४९ | ५०५,५८५,२५६ |
| ब्याज खर्च | १६८,१७८,३६७ | ३४७,६८४,१३५ | १२४,३५८,६९३ | २३३,८६४,१११ |
| **खुद ब्याज आम्दानी** | १०२,४२४,१५८ | २०३,३९२,५८४ | १३६,१२७,७५६ | २७१,७२१,१४५ |
| शुल्क तथा कमिशन आम्दानी | १०,७७८,६८५ | ३२,६०४,४९३ | ३०,१२८,१३५ | ६२,७९८,३१६ |
| शुल्क तथा कमिशन खर्च | १४,८५६ | २२,०१३ | २२,०४६ | २३,७६६ |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | १०,७६३,८२८ | ३२,५८२,४८० | ३०,१०६,०८९ | ६२,७७४,५५० |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | ११३,१८७,९८६ | २३५,९७५,०६४ | १६६,२३३,८४५ | ३३४,४९५,६९५ |
| खुद व्यापारीक आम्दानी | - | - | - | - |
| अन्य सञ्चालन आम्दानी | - | - | - | - |
| **कुल सञ्चालन आम्दानी** | ११३,१८७,९८६ | २३५,९७५,०६४ | १६६,२३३,८४५ | ३३४,४९५,६९५ |
| कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) | ३७,१९६,०४४ | ८१,७५९,७८२ | १६,८४९,६२७ | ३७,३०६,१३९ |
| **खुद सञ्चालन आम्दानी** | ७५,९९१,९४२ | १५४,२१५,२८२ | १४९,३८४,२१८ | २९७,१८९,५५६ |
| **सञ्चालन खर्च** | | | | |
| कर्मचारी खर्च | ७२,४५५,४१६ | १४८,०३५,६५३ | ७०,२३२,२५७ | १४०,०२९,७९४ |
| अन्य सञ्चालन खर्च | १२,८२२,९२१ | २४,७३९,३०६ | १३,०१२,२१५ | २१,९३१,२४५ |
| ह्रासकट्टी र परिशोधन खर्च | २,७७४,७३७ | ५,५१८,३६५ | ७७७,२४७ | ३,१६९,०२४ |
| **सञ्चालन मुनाफा** | (१२,०६१,१३१) | (२४,०७८,०४२) | ६५,३६२,४९८ | १३२,०५९,४९३ |
| गैर सञ्चालन आम्दानी | ६१,१२८ | ६८,०४३ | - | - |
| गैर सञ्चालन खर्च | - | - | - | - |
| **आयकर अघिको नाफा** | (१२,०००,००३) | (२४,००९,९९९) | ६५,३६२,४९८ | १३२,०५९,४९३ |
| **आयकर खर्च** | - | - | १९,६०८,७५० | ३९,६१७,८५० |
| चालु आयकर | - | - | १९,६०८,७५० | ३९,६१७,८५० |
| स्थगन कर खर्च/(आम्दानी) | - | - | - | - |
| **यस वर्षको लागि नाफा/(नोक्सान)** | (१२,०००,००३) | (२४,००९,९९९) | ४५,७५३,७४८ | ९२,४४१,६४३ |
| प्रति शेयर आम्दानी : | | | | |
| आधारभूत प्रति शेयर आम्दानी (Basic EPS) | - | - | - | २४.०७ |
| डाइल्युटेड प्रति शेयर आम्दानी (Diluted EPS) | - | - | - | २४.०७ |

## नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिमका अनुपातहरू

| विवरण | चालु आ.व.२०७९/८० | | गत आ.व.२०७८/७९ यसै अवधिको | |
|---|---|---|---|---|
| | यस त्रयमास | यस त्रयमास सम्म | यस त्रयमास | यस त्रयमास सम्म |
| पूँजी कोष/जोखिम भारित सम्पत्ती | - | ११.३८% | - | १०.४४% |
| निष्कृय कर्जा/कूल कर्जा सापटी | - | ५.७२% | - | ३.४८% |
| कूल कर्जा नोक्सानी ब्यवस्था/निष्कृय कर्जा | - | ९३.६७% | - | १०९.६५% |
| कोषको लागत | - | ९.७३% | - | ८.२५% |
| कर्जा/ निक्षेप अनुपात **(ने.रा.बै.को निर्देशन बमोजिम गणना गरिएको)** | - | २८४.०७% | - | ३२२.४३% |
| आधार दर | - | १५.१६% | - | १२.७८% |
| ब्याजदर स्प्रेड | - | ४.९५% | - | ६.५८% |

## ब्याजदर

| | |
|---|---|
| १. निक्षेप | ६.५०% – ९.७५% |
| २. कर्जा तथा सापटी | १२% – १५% |

## वितरण योग्य नाफा/नोक्सान सम्बन्धी विवरण
### २०७९ साल पौष मसान्तसम्मको

| विवरण | रकम (ने.रु.मा) |
|---|---|
| **पौष मसान्त,२०७९ सम्मको खुद नाफा/(नोक्सान)** | - |
| **१.विनियोजन :** | - |
| क) साधारण जगेडा | - |
| ख) पूँजी फिर्ता जगेडा कोष | - |
| ग) सटही घटबढ कोष | - |
| घ) संस्थागत सामाजिक उत्तरदायित्व कोष | - |
| ङ) कर्मचारी तालिम कोष | - |
| च) ग्राहक संरक्षण कोष | - |
| छ) अन्य | - |
| **नियमनकारी समायोजन अघिको नाफा/नोक्सान** | - |
| **२.नियमनकारी समायोजन :** | - |
| क) नियमनकारी कोषमा रकमान्तर | - |
| ख) नियमनकारी कोषबाट रकमान्तर | - |
| **वितरण योग्य नाफा/(नोक्सान)- पौष मसान्त,२०७९ सम्मको** | - |

**टिप्पणीहरुः**

१. अपरिष्कृत वित्तीय प्रतिवेदन नेपाल लेखामान बोर्डबाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्थाद्वारा अनुपालना गरिएको ब्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम निर्दिष्ट भएर तयार पारिएको छ।
२. ग्राहकहरुलाई प्रदान भएको कर्जा सापट रकमलाई हानी/नोक्सानी Impairment कट्टा गरी लेखांकन गरिएको र सो मा कर्मचारीहरुलाई प्रदान भएको कर्जा/सापटी समेत संलग्न रहेको छ।
३. उल्लेखित अपरिष्कृत वित्तीय विवरणमा नियमनकारी निकाय तथा बाह्य लेखापरिक्षकहरुबाट कुनै फेरबदल गर्न सुझाय बमोजिम परिवर्तन हुने सक्ने छ।
४. आवश्यकता अनुसार अंकहरुलाई पूनः वर्गीकरण गरिएको छ।
५ अपरिष्कृत वित्तीय प्रतिवेदन वित्तीय संस्थाको वेबसाईट https://www.laxmilaghu.com.np मा समेत अपलोड गरिएको छ।

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अर्न्तगतको अनूसुची-१४ बमोजिम
## आ.व.२०७९/८० को दोश्रो त्रैमासिक अवधिको विवरण

**१. वित्तीय विवरण :**

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:**

आ.व.२०७९/८० को दोश्रो त्रयमासको अपरिष्कृत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards-NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board-ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा (Institute of Chartered Accountants of Nepal-ICAN) अनुपालनाको लागि सूचित गरिएका व्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकद्वारा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन नं.४ मा निर्दिष्ट भई वित्तीय अवस्थाको प्रतिवेदन, नाफा नोक्सान विवरण, वितरण योग्य मूनाफा र सो सँग सम्बन्धित वित्तीय परिसूचकहरु यसै साथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेबसाईट https://www.laxmilaghu.com.np मा पनि राखिएको छ।

**ख) सम्बन्धित पक्ष बीचको कारोवार :**

लक्ष्मी बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा स्थापित यस लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडमा संस्थापक शेयरधनी श्री लक्ष्मी बैंक लिमिटेडको ७०% शेयर स्वामित्व रहेको छ भने ३०% शेयर स्वामित्व सर्वसाधारणहरुको रहेको छ। सम्बन्धित पक्षसँगको कारोवार अन्तर्गत यस वित्तीय संस्थाको लक्ष्मी बैंकमा रहेको बैंक मौज्दात र लक्ष्मी बैंकबाट प्राप्त विपन्न वर्ग अन्तर्गत कर्जा तथा ऋण सापटी विवरण तपशिल बमोजिम रहेको छ।

| क्र.सं | लक्ष्मी बैंकमा रहेको मौज्दात (रु.) | लक्ष्मी बैंकबाट प्राप्त कर्जा (रु.) |
|---|---|---|
| १. | ८,३०१,१४६ | २,९५२,५६९,१४६ |

**ग) प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (बार्षिकिकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कूल सम्पत्तीको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु.(१२.५०) | (१००.७७) | रु.२०५.२२ | रु.१८८०.७२ | ५.६६% |

**२. व्यवस्थापकीय विश्लेषण :**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**

वित्तीय संस्थाको चालु आ.व.२०७९/८० को दोश्रो त्रयमास सम्ममा सदस्य संख्या, ऋणी संख्या, लगानीमा रहेको कर्जा लगायत सदस्यहरुबाट प्राप्त निक्षेपहरुमा परिवर्तन भएको छ। वित्तीय बजारमा कायम रहेको लगानी योग्य रकमको अभाव, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा सापटीको उच्च ब्याजदर, निष्कृय कर्जा बृद्घि सँगसँगै बृद्घि भएको कर्जा नोक्सानी ब्यवस्थाको कारण सञ्चालन मुनाफा ऋणात्मक रहेको छ। अस्वभाविक रुपमा बढ्दै गएको निष्कृय कर्जा र नियामकीय निर्देशनहरुलाई ध्यानमा राख्दै निक्षेप, कर्जा तथा सापटी परिचालन गर्दै आएको छ। प्रतिकुल परिस्थितीबीच हाल देखिएका विभिन्न खालका जोखिमहरु कर्जा जोखिम, तरलता जोखिम र ब्याजदर जोखिम लगायतका अन्य बाह्य जोखिमहरुलाई समेत उच्च प्राथमिकताका साथ विश्लेषण गर्दै वित्तीय कारोवारहरु सुचारु गर्दै आएको छ। उल्लेखित जोखिमहरुको न्यूनीकरण तथा बाह्य अवस्थामा सकारात्मक सुधार पश्चात् वित्तीय कारोवारहरुमा क्रमश सुधार भई बैंकको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहने ब्यवस्थापनको प्रक्षेपण रहेको छ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापना काल देखि नै वित्तीय पहुँच अभिबृद्धि गराई नेपालको गरिबी घटाउने, जीवनस्तरमा गुणस्तरयुक्त सकरात्मक स्तरोन्नतिका सँगै वित्तीय समावेशीकरण बढाउने उद्धेश्यले नेपाल भरी नै लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडि बढिरहेको छ।

हाल देशका विभिन्न स्थानहरुमा ९० वटा शाखा कार्यालय मार्फत १०६,३८४ विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ।

- वित्तीय संस्थाको शाखा कार्यालहरुमा आवद्ध ग्राहक सदस्यहरुबाट स-साना छरिएर रहेका निक्षेपलाई स्वीकार गर्दै बचत गर्ने बानीको बिकास गर्दै आएको छ। वित्तीय संस्थाको उद्देश्य अनुरुप कृषि उत्पादन, पशुपालन, सेवा व्यवसाय तथा लघु उद्यमशीलता बिकासलाई उच्च प्राथमिकताका साथ विशेषत महिला वर्गलाई केन्द्रित हुदै लघु कर्जा सुविधाहरु उपलब्ध गराउदै आइरहेको छ।
- संस्थामा आवद्ध ग्राहकवर्गहरु ,ग्राहकका घरपरिवार, समाजमा रहेका विभिन्न वर्गहरु लगायत विभिन्न तहमा अध्ययनरत बिद्यार्थीहरुलाई समय समयमा वित्तीय साक्षरता सम्बन्धी ज्ञान अभिबृद्धि गर्ने कार्यक्रमहरु गर्दै आइरहेको छ।
- वित्तीय संस्थाका सेवा तथा सुविधाहरुलाई प्रविधिमैत्री र वित्तीय पहुँच अभिबृद्धि गर्ने उद्देश्य र ग्राहकहरुलाई छिटो, छरितो, सहज, पारदर्शी, विश्वसनीय र न्यून लागतमा सेवा प्रवाह गर्ने सोचलाई सार्थकता दिन संस्थाले E-Sewa, Khalti, ConnectIPS जस्ता डिजिटल माध्यमहरुलाई कार्यान्वयनमा ल्याइसकेको छ।
- ग्राहकहरु स्वयंले आफ्नो मोवाईल मार्फत बैंक स्टेटमेण्ट हेर्ने कस्टुमर फेसिङ्ग एप्लिकेशन "Laxmi Laghubitta-Smart App" सेवा सूचारु भईसकेको छ भने संस्थाको सम्पूर्ण शाखा कार्यालयहरुले ट्याब्लेट बैंकिङ्ग कारोवार सुचारु गरिसकिएको छ। वित्तीय कारोवारहरुको जानकारी मोबाईलमा उपलब्ध गराउन SMS Alert सुबिधा कार्यान्वयनको अन्तिम चरणमा रहेको छ। ग्राहकहरुले आधुनिक बैकिङ्ग सरहका सुविधाहरु लिई वित्तीय कारोवारहरु गर्न मोवाईल बैंकिङ्ग एप्लिकेशन सुविधा "Laxmi Laghubitta Mobile पैसा" लाई सुचारु भईरहेको छ।

साथै, आगामी दिनहरुमा लघुवित्तको सेवा तथा सुविधाहरुलाई समयानुकुल ग्राहकको बदलिँदो चाहनालाई दृष्टिगत गरी थप परिष्कृत गर्दै लैजान ब्यवस्थापन प्रतिबद्ध रहेको छ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**

लगानी योग्य रकमको अभाव, श्रोतको परनिर्भरता र अपर्याप्तता, कर्जा/सापटीको ब्याजदरमा भएको बृद्घि, संस्थाहरु बीच देखिएको कर्जाको दोहोरोपना,अस्वस्थ प्रतिस्पर्धा लगायत अन्य बाह्य वातावरणीय प्रभावहरुको कारण ग्राहकहरुबाट कर्जाको किस्ता भुक्तानीमा समस्याहरुको कारण चालु आ.व.२०७९/८० को दोश्रो त्रयमासको नगद प्रवाह, बैंक तथा नगद मौज्दात लगायत नाफा नोक्सानमा प्रत्यक्ष असर परेको छ। तथापि उल्लेखित परिस्थितीलाई विश्लेषण गर्दै वित्तीय कारोवारहरु सुचारु गर्दै आईरहेको छ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

- त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको पनि छैन।
- यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।
- कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारमा तरलता समस्यासँगै अन्य बिविध कारणहरुले धितोपत्र बजारलाई असर पारेता पनि यस वित्तीय संस्थाको शेयर कारोवार सन्तोषजनक रुपमा नै भईरहेको छ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाइट अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोवार निम्न अनुसारले भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| रु.१,२९५.०० | रु.९७८.१० | रु.१,२६०.०० | २८ | ६०९ |

**५. समस्या तथा चुनौती :**

अर्थतन्त्रमा देखा परेको तरलता समस्या र सोको कारण लगानी योग्य कोषको अभावले लघुवित्त क्षेत्र पनि अत्याधिक प्रभावित रहेको छ। स्रोतको परनिर्भरता र लगानीयोग्य रकमको अभावको कारण माग बमोजिमको कर्जा प्रवाहमा प्रतिकुल असर परेको छ। स्रोतको अनिश्चितता, कोषको लागतमा भएको उच्च बृद्घि साथसाथै अन्य लघुवित्त वित्तीय संस्थाहरुको लक्षित वर्ग र सञ्चालित क्षेत्रहरु समान रहेको कारण संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा एवं कर्जा लगानीमा दोहोरोपना हुने संभावनालाई दृष्टिगत गरी कारोवारहरु गर्नुपर्ने अवस्था रहेको छ।

**६. संस्थागत सुशासन :**

संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र सम्बन्धी ऐन २०६३, आयकर ऐन २०५८ तथा श्रम ऐन, २०७४ पालना गर्दै आएको छ। संस्थाको प्रवन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, ब्यवस्थापन सूचना प्रणाली, सम्पत्ति दायित्व ब्यवस्थापन नीति, लगानी नीति, जोखिम ब्यवस्थापन नीति, लेखापरीक्षण नीति लगायतका नीति तथा निर्देशिकाहरु तयार गरी कार्यान्वयन गदै आएको छ। संस्थाले आफ्नो कारोवारको चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन सञ्चालक समिति तथा ब्यवस्थापकिय तहमा लेखापरिक्षण समिति,जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति दायित्व ब्यवस्थापन समिति, लगायतका समितिहरु गठन गरेको छ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उदघोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सू-सुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।